# ईश्वरपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
ईश्वरपुर, सर्लाही
प्रदेश नं. २, नेपाल

प.सं. ०७७।०७८
च.नं.

आ.व. २०७७/०७८ को लागि आन्तरिक आयको ठेक्का बन्दोवस्त सम्बन्धी
शिलबन्दी दरभाउ-पत्र आव्हानको सूचना
(दोस्रो पटक प्रकाशित मिति : २०७७/०७/२६ गते)

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ (घ) को (६) र दफा ६४ को (च) बमोजिम ईश्वरपुर नगरपालिकाको क्षेत्राधिकार भित्र पर्ने ढुंगा, गिट्टी, बालुवा, रोडा (दहत्तर बहत्तर समेतको) लगायतका नदीजन्य सामाग्रीहरुको बिक्रीबाट कर/शुल्क/दस्तुर संकलन गर्न चालु आ.व. २०७७/०७८ को जेष्ठ मसान्त सम्मको लागि आन्तरिक आय ठेक्का बन्दोवस्त गर्नु पर्ने भएकोले तपसिलमा उल्लेखित ठेक्का विवरण र शर्तहरुको अधिनमा रही ईच्छुक योग्य फर्म वा कम्पनीहरुले कार्यालयबाट दरभाउ पत्र फारम खरिद गरी फर्म वा कम्पनी दर्ता तथा नविकरण गरेको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी, मूल्य अभिबृद्धि कर (VAT) को प्रमाणपत्रको प्रमाणित प्रतिलिपी आ.व. २०७५/०७६ सम्मको करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी सहित सो फर्म वा कम्पनी कार्य गर्न योग्य भएको र कालोसूची (Black List) मा नपरेको स्वघोषणा (Declaration) पत्र सहित तोकिएको दस्तुर रकम यस कार्यालयको नेपाल बैंक लिमिटेड, बयलवास शाखामा रहेको आन्तरिक राजस्व खाता नं. १०९०३००००१००१००००१ मा जम्मा गरेको बैंक भौचर (पछि फिर्ता नहुने गरी) पेश गरी रितपूर्वकको गोप्य शिलबन्दी दरभाउ-पत्र पेश गर्नु हुन सम्बन्धीत सबैको जानकारीको लागि दरभाउ-पत्र आव्हानको लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपसिल :

| सि.नं. | ठे.नं. | बोलपत्रको नाम | उत्खनन् परिमाण ( घन फिट) | दर प्रति घनफिट (रु.) | न्यूनतम बोलपत्र रकम (मू.अ.कर बाहेक) | धरौटी रकम ( कबोल अंकको) | बोलपत्र दस्तुर (रु.) |
|---|---|---|---|---|---|---|---|
| १. | River/02/077-078 | फुलजोर खोला भिमखोला समेत | १,००,०००.०० | ४।५० | ४५,००,०००।- | कबोल अंकको ५% ले हुन आउने रकम | ३,०००।- |
| २. | River/03/077-078 | भिमखोलाको बेला र खैरा नाका | १,११,१००.०० | | ५,००,०००।- | | १,०००।- |

<u>शर्तहरु</u>

१. ईच्छुक दरभाउपत्र दाताहरुले ठेक्का नं. १ को हकमा रु (३,०००) तिन हजार र ठेक्का नं. २ को हकमा रु (१,०००) एक हजार मात्र दस्तुर फिर्ता रहने गरी कार्यालय नगदी रसिद वा बैंक भौचर संलग्न गरी यो सूचना दोस्रो पटक प्रकाशित भएको मितिले दुबै ठेक्काको हकमा १५ औं दिन वा मिति २०७७।०८।११ गते बिहिवार ४ बजे कार्यालय समयभित्र यस कार्यालयबाट खरिद गरी सक्नुपर्नेछ ।
२. ठेक्का नं. १ र ठेक्का नं. २ दुबै हकमा दरभाउ पत्र फाराम भरी दर्ता गर्ने अन्तिम मिति २०७७।०८।१२ गते शुक्रबार दिनको १२:०० बजेभित्र र कार्यालयमा दर्ता भएका दरभाउपत्र फारम खोल्ने मिति २०७७।०८।१२ गते शुक्रबार दिनको २ बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा यस कार्यालयमा, खोलिने छ । दरभाउपत्रदाता वा निजको प्रतिनिधिको उपस्थिति नभएको अबस्थामा दरभाउपत्र फारम खोल्न बाध्यपर्ने छैन।
३. दरभाउपत्र फारम खरिद एवं दर्ता गर्ने दिन सार्वजनिक विदा पर्न गएमा त्यसपछिको कार्यालय खुलेको दिनलाई क्रमश: अन्तिम दिन मानिनेछ ।

Yubraj

प्रमुख प्रशासकीय अधिकृत

# ईश्वरपुर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

ईश्वरपुर, सर्लाही
प्रदेश नं.२, नेपाल

प.सं. ०७७।०७८
च.नं.

४. शर्त सहितको दरभाउपत्र फारम मूल्याङ्कनमा समावेश गरिनेछैन । दरभाउपत्रदाताले बोलकबोल गरेको रकम अंक र अक्षरमा स्पष्ट लेख्नुपर्नेछ, अंक र अक्षरमा रकम फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ । काटेको अंक र अक्षरमा दरभाउपत्रदाताको दस्तखत गर्नुपर्नेछ अन्यथा मान्यता दिईने छैन ।

५. दरभाउपत्रदाताले दरभाउपत्र दर्ता गर्दा आफुले बोलकबोल गरेको रकम अंक ५ प्रतिशतले हुनआउने रकम नेपाल बैंक लिमिटेड, बयलवास शाखामा रहेको यस कार्यालयको आन्तरिक राजश्व खाता नं. १०९०३००००००००३००००१ खातामा जम्मा गरेको सक्कलै भौचर वा यस कार्यालयको नाममा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बाणिज्य बैंकबाट जारी भएको कम्तिमा ९० दिन म्याद भएको बैंक ग्यारेन्टि (विडवण्ड) दरभाउपत्रसाथ पेश गर्नुपर्नेछ।

६. ठेक्का स्वीकृति पश्चात दरभाउपत्र दाताले बोलकबोल गरेको जम्मा रकम दरभाउपत्र दाताले सम्झौताको समयमा ठेक्काको बोलकबोल गरेको सम्पुर्ण रकम कार्यालयमा एकमुष्ठ बुझाउनु पर्नेछ । ठेक्काको एकमुष्ठ रकम बुझाएमा ठेक्काको बोलकबोल गरेको कर बाहेकको रकमको अंकको सहुलियत स्वरुप १०% ले हुन आउने रकम छुट दिइने छ । ठेक्का अवधीमा अन्य कुनै किसिमको छुट, माफी, मिनाह समेत मागदाबी गर्न पाईने छैन । स्वीकृत भएको दरभाउ पत्रको सम्बन्धीत दरभाउपत्र दाताले तोकेको समय अवधी भित्र कार्यालयमा सम्झौता गर्न नआएमा निजलाई यस कार्यालयको कालो सूची (Black List) मा राखिने छ ।

७. दरभाउपत्र दाताले बोलकबोल गरेको रकम अंकको १३% ले हुन आउने मुल्य अभिबृद्दि कर (VAT) को रकम कार्यालयमा बुझाउनु पर्नेछ । सो बाहेक प्रचलित ऐन नियम अनुसार बुझाउनु पर्ने आयकर लगायत अन्य कर दस्तुर तथा शुल्क समेतको करको रकम बोलपत्रदाता/ठेकेदार स्वयंले कार्यालयमा बुझउनु पर्नेछ ।

८. ठेक्का अवधी चालू आर्थिक वर्ष ०७७/०७८ को सम्झौता गरी कार्यादेश दिएको मिति देखि प्रारम्भ भई २०७७ जेष्ठ मसान्त सम्म मात्र हुने छ ।

९. दरभाउपत्रको प्रत्येक पाना/पेजमा दरभाउपत्र दाताले सहीछाप गरेको हुनु पर्नेछ । ठेकेदार र कार्यालय बीच ठेक्का शर्तहरुको सम्बन्धमा कुनै विवाद सृजना भएमा ईश्वरपुर नगर कार्यपालिकाले गरेको निर्णय अन्तिम हुनेछ । सो निर्णय उपर कुनै उजुरबाजुर लाग्ने छैन । दरभाउपत्र फारम स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा निहित रहने छ ।

१०. कर, शुल्क, दस्तुर संकलन गर्ने रसिदहरु ठेक्का शिर्षक अनुसार ठेकेदारले आफ्नै तर्फबाट छपाई कार्यालयबाट दस्तखत् गराई छाप लगाएर कार्यालयमा रसिद नं. दाखिला गराएपछी मात्र कर, शुल्क, दस्तुर संकलन गर्ने प्रयोगमा ल्याउनु पर्दछ । ठेकेदारले मासिक रुपमा बिक्री गरेको विवरण यस कार्यालयमा पेश गर्नु पर्नेछ । विवरण पेश नगरेको कारणबाट ठेक्काको संलग्न/उत्खनन् कार्य गर्न रोक्का भएमा ठेकेदारले कुनै किसिमको हर्जाना दाबी गर्न पाउने छैन । रित नपुगी वा म्याद नाघी आएको दरभाउपत्र उपर कुनै कारवाही गरिने छैन ।

११. ठेकेदारले ढुंगा, गिटी, बालुवा संकलन/उत्खनन् कार्य गर्दा/गराउँदा फुलजोर खोलाको स्वीकृत (EIA) प्रतिवेदनमा उल्लेखित शर्तहरुको पूर्ण पालना गर्नु पर्नेछ । (EIA) प्रतिवेदनका शर्तहरु पालना गर्दा वातावरणीय नकरात्मा प्रभाव न्यूनिकरण कार्यमा लाग्ने खर्च ठेकेदार आफैले व्यहोर्नु पर्नेछ । नेपाल सरकारबाट बन्देज लगाइएको अवधीमा खोलाबाट नदीजन्य पदार्थ झिक्न पाउने छैन  र सो अवधीको क्षती वा मिनाहका लागि कार्यालयमा मागदावी गर्न पाईने छैन ।

# ईश्वरपुर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
ईश्वरपुर,सर्लाही
प्रदेश नं.२, नेपाल

प.सं. ०७७।०७८
च.नं.

१२. सम्मानित अदालत, नेपाल सरकारको निति, निर्देशन तथा आदेशको पालना गर्नु, गराउनु र कार्यान्वियन गर्नु सम्बन्धीत ठेकेदारको कर्तव्य एवम् दायित्व हुनेछ ।

१३. नदीजन्य पदार्थ उत्खनन् गर्न ठुला मेशिनरी उपकरण प्रयोग गर्नुपर्ने अवस्थामा यस नगरपालिकाको बैठकबाट निर्णय भए बमोजिम हुनेछ ।

१४. राष्ट्रिय राजमार्ग वा सहायक राजमार्गमा ढाट (तगारो) राखि वा अन्य कुनै प्रकारको अवरोध खडा गरी कर, शुल्क, दस्तुर लिन पाईने छैन । तोकिएको कर, शुल्क, दस्तुर संकलन स्थानमा दररेट सहितको होर्डिङबोर्ड अनिवार्य रुपमा राख्नु पर्नेछ ।

१५. नदी किनार तथा आसपासका बनस्पती र जिवजन्तुलाई असर नपर्ने गरी राष्ट्रिय राजमार्ग र सहायक राजमार्गका दायाँबायाँ निसेध गरिएका स्थान बाहेक तोकिएको स्थानहरुबाट मात्र नदीको बहाब परिवर्तन नहुने गरी बिहान सूर्यदयो देखि बेलुका सुर्यास्त समय सम्म मात्र नदीजन्य पदार्थ झिक्न पाईने छ । हावा चलेको बेला वा पानी चुहिने गरी धुलो उड्ने गरी ढुवानी गर्न पाईने छैन, ढुवानी गर्दा छोपेर प्रचलित कानूनको अधिनमा रही गर्नु पर्नेछ । अन्यथा नियमानुसार कारवाही गरिने छ ।

१६. मोटरेवल पुल, कजवे तथा कल्भर्टबाट दुवै तर्फका पुलहरुको ५०० मिटर अपस्ट्रीम र ५०० मिटर डाउनस्ट्रीम सम्म सामाग्री निकाल्न निषेध गरिएको छ । घाटसम्म जाने सडकको निकास र यसको अर्थिक दायित्व ठेकेदार आफैले व्यवस्था गर्नु पर्नेछ ।

१७. नदीजन्य सामाग्रीहरुको ढुवानी गर्दा राजमार्गलाई असर नपर्ने गरी सडक निर्माण गर्न पाईने छैन । असर नपर्ने गरी सडक निर्माण गर्दा लाग्ने खर्च ठेकेदारले व्यहोर्नु पर्नेछ, सडक निर्माण गर्दा स्थानीय स्तरमा विवाद सृजना भएमा त्यसको समाधान गर्ने जिम्मेवारी सम्बन्धीत ठेकेदारको हुनेछ । सार्वजनिक आवगमनमा वाधा अवरोध हुने गरी सामाग्री जम्मा गर्न पाईने छैन ।

१८. ठेक्का व्यवस्थापन गर्दा बालश्रम प्रयोग गर्न निषेधीत गरिएको छ । मजदुरको दैनिक ज्यालाको हकमा ईश्वरपुर नगर कार्यपालिकाको बैठकबाट स्वीकृत ज्याला दररेटमा कम नहुने गरी ज्याला दिनु पर्नेछ ।

१९. संकलित नदीजन्य पदार्थहरुको ढुवानी, ठेक्का कार्यविधि भित्रै सम्पन्न गरी सक्नु पर्नेछ । ठेक्का बन्दोवस्त अवधी पश्चात बाँकी रहेको संकलित नदीजन्य पदार्थहरु/सामाग्रीहरु यस कार्यालयको नियन्त्रण, स्वमित्व र व्यवस्थापन अन्तर्गत रहने छ । यस प्रकारको सामाग्री माथि दरभाउपत्र दाता/ठेकेदारको कुनै प्रकारको मागदावी रहने छैन, उजुरबाजुर लाग्ने छैन ।

२०. यस सुचना र पट्टा/सम्झौतामा खुलाइएका शर्तहरुको हकमा सोही बमोजिम र अन्य शर्तहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

२०७८।६।२६

उदय प्रसाद देवकोटा
प्रमुख प्रशासकीय अधिकृत